नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
नापी विभाग

# नापी कार्यालय

वालिङ, स्याङ्जा

फोन नं./ फ्याक्स नं.
०६३-४४०७०३

पत्र संख्या : ०७२/७३

मिति : २०७३/०३/१४

चलानी नं. ९८३

**विषय : सुचना टाँस गरिदिनु हुन ।**

श्री ईलाका प्रशासन कार्यालय,वालिङ ।
श्री मालपोत कार्यालय,वालिङ ।
श्री वालिङ नगरपालिका कार्यालय,वालिङ ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको भवन निर्माण कार्यका लागि सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना मिति २०७३/०३/१४ को राष्ट्रिय दैनिक कारोबार पत्रिकामा प्रकाशित गरिएको हूदा उक्त सुचनाको छाया प्रति ताहाँ कार्यालयको सुचना पाटीमा टाँस गरिदिनु हुन अनुरोध छ ।

२०७३/०३/१४

झलकनाथ गौतम
कार्यालय प्रमुख
कार्यालय प्रमुख

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
नापी विभाग
नापी कार्यालय वालिङ, स्याङजा

# सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सुचना नं. ०१/०७२/७३ SURVEY/WALING
(प्रकाशित मिति :(२०७३/०३/१४)

यस कार्यालय अन्तर्गत निम्न बमोजिमको निर्माण कार्य शिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक नेपाली
निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७३/०४/१२) भित्र बोलपत्र वापत तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी)
बुझाई आ.व ०७२/७३ सम्म मान्यता हुने ठेक्का इजाजत पत्र, आयकरको स्थायी नम्वर (PAN) लिएको र मु.अ.कर प्रयोजनको लागि दर्ता
भएको प्रमाणपत्र आ.व ०७१/७२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी, इच्छुक बोलपत्र दाताले लिखित
निवेदन दिई यस कार्यालय, वालिङ्गबाट कार्यालय समय भित्र बोलपत्र सम्वन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रसम्वन्धी कागजात प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, सिलवन्दी खाम वाहिर फर्मको नाम,
ठेगाना र कामको नाम, ठेक्का नं.प्रष्टसंग लेखी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन (२०७३/०४/१३) दिनको बाह्र बजे
भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको
रोहवरमा यसै कार्यालयमा खोलिने छन् । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन हुने छ र बोलपत्र साथ उल्लेखित बोलपत्र जमानत वापतको रकम
कोष तथा लेखा नियन्त्रक कार्यालय, स्याङ्गजाको एकल कोष धरौटी खाता नं. ०७२०२०००००००३००००७ धरौटी खातामा जम्मा गरेको
भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम
मितिबाट कम्तिमा १२० दिन अवधि भएको बैंक जमानत (बिडबण्ड) पेश गर्नुपर्नेछ ।

४. कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका
शर्त बिपरित भएको बोलपत्रमाथी कारवाही हुनेछैन । केरमेट भएको खण्डमा सम्वन्धीत फर्मको सहीछाप भएको हुनुपर्ने छ ।

५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ ।

६. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता
दिइनेछ ।

७. संयुक्त उपक्रम (जे.भी.) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धी सम्झौता पत्र पेश गर्नु पर्ने छ । संयुक्त उपक्रममा
लिड पार्टनरको ४०% अन्य पार्टनरको २५% भन्दा कम भएको लाई मान्यता दिइने छैन । संयुक्त उपक्रममा बढीमा तिनवटा फर्मले मात्र
भाग लिन पाउनेछन । सम्झौता पत्रमा कामको विवरण तथा शेयर खुलेको हुनुपर्ने छ । तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार
वा व्यक्तिगत मध्ये कुनै एकमात्र बोलपत्र पेश गर्न सक्नेछन ।

८. बोलपत्र सम्वन्धी विस्तृत छलफलको लागि बोलपत्र सूचना प्रकाशित भएको मितिले २१ औं दिनको (२०७३/०४/०३) १:०० बजे यस कार्यालयमा
Pre-Bid Meeting राखिएकोले सम्पुर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सुचित गरिन्छ ।

९. इच्छुक बोलपत्रदाताले e-Procurement मार्फत www.edudbc.gov.npमा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र
बोलपत्र दाखिला गर्न समेत सक्नेछन । सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरी डिपोजिट भौचरको
Scanned Copy (PDF फर्म्याटमा) Electronic Bid Files साथै पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुने छ ।

११. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सक्नुहुने छ ।
फोन न.०६३-४४०७०३, इमेल : naapioffice.waling@gmail.com

१३. E-Bidding डकुमेन्टको लागि रकम जम्मा गर्ने बैंकको बिवरण:
   (क) बैंकको नाम: नेपाल बैंक लिमिटेड, स्याङ्गजा
   (ख) बैंकको कोड नं: ०७२
   (ग) कार्यालयको कोड नं ४२-३३६-०६
   (घ) राजश्व शिर्षक नं: १४२२७
   (ङ) कार्यालय खाता नम्बर :- क-१-१-००१

१४ कुनै बोलपत्र दाताले E-Bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य e-bidding प्रक्रियाबाट
नै गर्नुपर्ने छ । यस्ता बोलपत्र फिर्ता तथा संशोधनको लागि सिलवन्दी निवेदन (हार्ड कपी) पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन ।

१५. ई-बिडिङ्गद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरिएका कागजातहरुको सक्कल प्रति वा नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी यस
कार्यालयमा दर्ताको ७ दिनभित्र पेश गर्नुपर्ने छ ।

१६. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४
बमोजिम हुने छ ।

१७. कामको बिवरण निम्न अनुसारको छ ।

| सि.नं | ठे.नं | कामको बिवरण | बोलपत्र खरिद दस्तुर | जमानत रकम | खरिद गर्ने अन्तिम अवधि | पेश गर्ने अन्तिम अवधि |
|---|---|---|---|---|---|---|
| १. | 01/072/73/SURVEY /WALING | नापी कार्यालय वालिङ्ग, स्याङ्गजाको कार्यालय भवन निर्माण । | रु.३,०००/- | रु.७,८६,०००/- | बोलपत्र सूचना प्रकाशित भएको मितिले ३०औं दिन (२०७३/०४/१२) | बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१औं दिन (२०७३/०४/१३) दिनको बाह्र (१२:००) बजे |

कार्यालय प्रमुख